इसरत परविन
का.वा. नगर प्रमुख

# राजविराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

## नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ बजेट तथा कार्यक्रम

पारित भएको मितिः २०८३।०३।३१

## राजविराज नगरपालिका

२०८३ असार ३१ गते

राजविराज नगरपालिकाको दशौ नगर सभाका सम्पूर्ण सदस्यज्यूहरू, नगर सभाका सचिव ज्यू तथा उपस्थित सबैमा हार्दिक अभिवादन तथा सम्मान व्यक्त गर्दछु ।

नगरपालिकाको बजेट तर्जुमा समितिको संयोजकको हैसियतले नगर सभाको यस बैठकमा चालु आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेकी छु । यस महत्वपूर्ण अवसरमा मुलुकलाई सघीय लोकतान्त्रीक गणतन्त्रको युगमा ल्याउने, आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरू, युवा आन्दोलनका शहिदहरु, मधेश आन्दोलनका शहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

राजविराज नगरपालिका प्रति जनआकांक्षा धेरै छन् । नगरको सन्तुलित एवं समावेशी विकासमा टेवा पुऱ्याउन तथा सम्पूर्ण नगरवासीले साकारात्मक परिवर्तनको अनुभूति गर्ने दिशातर्फ उन्मुख गराउन यो बजेटले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने आशा राखेकी छु । नगरलाई समुन्नत र सन्तुलित बनाउनको लागि हामी सँग भएका साधन तथा स्रोतको पूर्ण उपयोग गरेर प्रतिफल दिने योजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने प्रयास गरेकी छु । यसले सबै पक्षहरूको चाहनालाई समेटने प्रयास गरिएकोछ ।

अब आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु।

उपस्थित सभाका सदस्यहरू सबै,

<u>आय अनुमानतर्फ</u>: हाम्रा सामु उपस्थित समस्याहरूलाई एकैपटकको प्रयासमा समाधान गर्न सम्भव हुँदो रहेनछ । उल्लेखित नीति तथा कार्यक्रमहरूलाई कार्यरूप दिन तथा नगरवासीको माग बमोजिमका योजना तथा कार्यक्रमहरूका लागि सघीय सरकार, प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ निकाय, यस नगरपालिका मार्फत संचालित आयोजनाहरु एवं संघ संस्थाबाट उपलब्ध भएको स्रोत अनुमान विवरणका आधारमा आ.व. २०८३/०८४ को कुल बजेटरू. १ अर्ब १५ करोड ४२ लाख ५९ हजार रहेको छ ।

कुल बजेट मध्ये न.पा.को आन्तरिक आयतर्फ रू. १५ करोड ३० लाख, मालपोत कार्यालय सप्तरीबाट राजस्व बाँडफाड रकम रू. ६ करोड ५० लाख तथा प्रदेश वित्तीय समानीकरण अनुदानतर्फ रू. १ करोड २४ लाख २ हजार, सघीय वित्तीय समानीकरण अनुदानतर्फ रू. १७ करोड ४५ लाख, प्रदेश राजश्व बाँडफाड अनुदान् तर्फ रू. ६६ लाख ६९ हजार, प्रदेश शशर्त अनुदान तर्फ ६० लाख, संघीय विशेष अनुदान तर्फ १ करोड ४५ लाख, संघीय समपुरक अनुदान तर्फ ७० लाख तथा सघीय राजश्व बाँडफाड अनुदान तर्फ रू. १२ करोड ३३ लाख ५७ हजार, सघीय शर्शत चालु अनुदान तर्फ रू. ३१ करोड ६७ लाख, सघीय शर्शत पुंजीगत अनुदान तर्फ रू. ८ करोड ८३ लाख, प्रदेश विशेष अनुदान तर्फ रू. ३० लाख तथा संघीय सम्पुरक अनुदान तर्फ रू. ७० लाख, तथा गतको मौज्दात संचित कोष को आय १६ करोड २२ लाख ७३ हजार ८ सय ५३ र अन्य स्रोत तर्फ २ करोड १५ लाख ५७ हजार १ सय ४७ रहेको छ । कुल चालु रकम ५७ करोड ५० लाख तथा पूँजीगत रकम ५७ करोड ९२ लाख ५९ हजार रहेको छ । जसको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ ।

उपस्थित महानुभावहरू कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको सन्तुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै योजना तथा कार्यक्रम तय गर्दा सबै क्षेत्रलाई समेटने प्रयास गरिएकोछ । यसबाट

सबै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होइन यसको लक्ष्य एवं उद्देश्यहरू प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन अनुगमन एवं मूल्याङ्कन जरुरी हुन्छ । त्यसका साथै आवश्यक क्षमता विकास, संस्थागत नीतिगत, कार्यविधिगत, सुधारका कार्यहरू समेत आवश्यक पर्न जान्छन् । यसका लागि आवश्यकता अनुसार सरकारी गैर सरकारी, नागरिक समाज, सञ्चारकर्मी, उपभोक्ता, नगरवासीको समेत संयुक्त सहभागितामा सम्पादित कामको गुणस्तरको सुनिश्चितता, पारदर्शिता एवं उत्तरदायित्व वहनमा थप टेवा पुग्ने विश्वास लिएका छौं ।

अन्त्यमा,

प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी टोल विकास समिति, वडा नागरिक मञ्च, सम्पूर्ण जनप्रतिनिधि, विषयगत समिति, गैर सरकारी संस्था, विषयगत शाखा लगायत सम्पूर्ण कर्मचारीहरूलाई सुझावका लागि म आभार प्रकट गर्दछु साथै धन्यवाद दिन चाहन्छु । यस नगरसभाबाट प्रस्तुत नगर विकास योजनालाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि विभिन्न राजनैतिक दल, वुद्धिजिवि, नागरिक समाज, पत्रकार, कर्मचारी, नगरवासी लागयत सम्वद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दछु । यसै गरी समयमा सहयोग तथा अनुदान दिनु हुने सघीय सरकार, प्रदेश सरकारप्रति आभार प्रकट गर्न चाहन्छु । यस नगरको सार्थक समुन्नत विकासमा समानन्तर सहयोग पुर्याउने सबै करदातार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियोग तथा संस्था साझेदारहरू प्रति समेत आभार प्रकट गर्न चाहन्छु।

इसरत परविन

नगर सभा अध्यक्ष एवम् का.वा. नगर प्रमुख

राजविराज नगरपालिका

राजविराज नगरपालिका कार्यपालिकाको कार्यालय, राजविराज, सप्तरी

इसरत परविन

का.वा. नगर प्रमुख